# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ नियम २६ को उपनियम १ सँग सम्बन्धित
# आ.व. २०७४/०७५ को चौथो त्रैमासिक प्रतिवेदन

१) **वित्तीय विवरण**

**क) त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण :**

यस बैंकको त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसैसाथ प्रकाशित गरिएको छ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | रु. १८.९४ | मूल्य आम्दानी अनुपात | १६.६८ |
| प्रति शेयर नेटवर्थ | रु. १५२.१५ | प्रति शेयर बजार मूल्य | रु. ३१६ |
| तरलता अनुपात | २३.८४ | कुल सम्पतिमा प्रतिफल | ०.८७ |

२) **व्यवस्थापकीय विश्लेषण**

**क)** देशको न्यून आर्थिक गतिविधि, तरलताको कमि, प्रतिष्पर्धी वातावरण र चुनौतीका बाबजुद पनि बैंकको निक्षेप संकलन तथा कर्जा विस्तारमा यस त्रैमासमा वृद्धि उत्साहजनक रहेको छ ।

**ख) व्यवसायिक योजना**

**अ) निक्षेप :** बैंकको दिर्घकालिन रणनीति अनुरुप नै यस बैंकले बचत खातामा विशेष जोड दिँदै यस्ता खाता मार्फत ग्राहक वर्गलाई उच्च गुणस्तरीय सेवा तथा अधिकतम सुविधा प्रदान गर्दै आएको छ । यस अवधिमा बैंकले सम्मुन्नति प्लस र प्रिमियम समुन्नति जस्ता आर्कषक ब्याजदर तथा सुविधा भएका बचत योजनाहरु बाट ग्राहक वर्गलाई सुविधा प्रदान गर्दै आएको छ ।

**आ) कर्जा तथा सापटी :** बैंक कृषि, उर्जा, पर्यटन जस्ता उत्पादनशिल क्षेत्रहरुमा लगानी वृद्धि गर्न कटिबद्ध रहेको तथा यस नीतिको सफल कार्यान्वयनको निमित्त बैंकले आफ्नो ध्यान साना तथा मझौला व्यवसाय तथा विपन्न वर्ग कर्जा तर्फ केन्द्रित गरेको छ र उक्त कर्जा समुहमा उत्साहजनक वृद्धि हासिल गरेको छ ।

**इ) शाखा संजाल विस्तार :** यस त्रैमासमा बैंकले पकडी, लौलिहवा, लवनी, खतुनगाल, मांझगांवा, गल्छी, बरथहवा, धुलिखेल, बैकुन्ठे, बागमती सर्लाहि, तम्घास, सुरुङ्गा, सिमरा भवानीपुर, विरवा, पिरिहवा चौक, मिलन चोक, सम्झना चोक, जंग्रवा राजपुर, सुनवल, पन्द्रौटा, वालकोट, विराटनगर मेन रोड, धारपाने, गौरिगन्ज, लुम्बिनी, सिसहनिया, दिङ्ला, तिरहट, महादेवा, सगहरा, कृषि आधिसोला, डल्लीबजार, चकघा, जगरनाथपुर, लेटाङ्, वेलवारी, वलिया,गोलबजार र राजविराज गरि ३९ थप नयाँ शाखाहरु सञ्चालनमा ल्याएको छ । बैंकले आफ्नो शाखा विस्तार गर्ने रणनीतिलाई अगाडी बढाउँदै यस त्रैमासको अन्तसम्ममा बैंकको कूल शाखा संख्या २३१ रहेको छ साथै बैंकले यस त्रैमासमा २३ वटा नयाँ ए. टि. एम. थपगरि कुल ए. टि. एम. संख्या २२० पुर्‍याएको छ ।

३) **कानूनी कारवाही सम्बन्धी विवरण**

**क) यस अवधिमा बैंकले वा बैंकको विरुद्ध कुनै मुद्दा दायर भए नभएको :**

यस अवधिमा बैंकको व्यवसायमा तात्विक असर पर्ने गरी बैंकले वा बैंकको विरुद्ध कुनै मुद्दा दायर नभएको ।

**ख) बैंकको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै किसिमको मुद्दा दायर भए नभएको :**

यस सम्बन्धी कुनै जानकारी प्राप्त नभएको ।

**ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए नभएको :**

यस सम्बन्धी कुनै जानकारी प्राप्त नभएको ।

४) **बैंकको शेयर कारोवार सम्बन्धी विश्लेषण**

**क) धितोपत्र बजारमा भएको बैंकको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :**

दोस्रो बजारमा हुने शेयर कारोबारको मूल्य खुल्ला बजारले निर्धारण भए अनुरुप हुने व्यवस्थापनको धारणा रहेको छ ।

**ख) यस अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या :**

| | | | |
|---|---|---|---|
| अधिकतम मुल्य | रु. ४८३ | न्युनतम मुल्य | रु. २८५ |
| अन्तिम मुल्य | रु. ३१६ | कारोवार संख्या | १६,७२८ |
| कारोबार दिन | २३२ | - | - |

५) **समस्या र चुनौती**

**प्रमुख चुनौतीहरु तल उल्लेख गरिए अनुसार रहेको छ ।**

**आन्तरीक**

क) दक्ष जनशक्तिको उपलब्धता ।

ख) बढ्दो सञ्चालन लागत ।

**वाह्य**

क) प्रतिष्पर्धी व्यवहारमा जोड ।

ख) ऋणात्मक शोधानान्तर तथा उच्च व्यापार घाटा ।

**रणनीति**

क) नविनतम् प्रविधिको प्रयोग गरी उत्कृष्ट सेवा प्रदान गर्ने । नयाँ क्षेत्रहरुमा सेवा विस्तार, लगानी एवं अवसरहरुको निरन्तर खोजी गर्दै जाने ।

ख) कर्मचारीहरुको निरन्तर वृत्ति विकासमा जोडदिने ।

ग) प्रतिष्पर्धी क्षमताको विकाश गर्दै जाने ।

घ) विवेकशिल जोखिम व्यवस्थापनको नीतिलाई अंगिकार गर्दै जाने ।

ङ) उत्पादनशिल क्षेत्र कर्जा लगानी वृद्धिको लागि सम्भाव्य अवसरहरुको खोजी गर्ने ।

च) उपभोक्ता कर्जा र साना तथा मझौला कर्जा प्रवाहमा जोड दिने ।

छ) चल्ती तथा बचत निक्षेपमा जोड दिने ।

६) **संस्थागत सुशासन**

संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकता दिने नीति अनुसार श्री नेपाल राष्ट्र बैंकद्धारा जारी संस्थागत सुशासन सम्बन्धि व्यवस्था अनुरुप बैंकका संचालक समिति तथा व्यवस्थापनमा कार्यरत सम्पूर्ण कर्मचारीहरु, आफ्ना शेयरधनीहरु, सर्वसाधारण निक्षेपकर्ताहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हितलाई सदैव उच्च प्राथमिकतामा राखी संस्थागत सुशासनको मुल्य मान्यता प्रति सदैव सजग रही कार्य गर्दै आएको छ ।

संस्थागत सुशासन परिपालनाको प्रत्याभूतिका लागि प्रभावकारी संस्थागत सुशासन नीति तर्जुमा गरी लागु गरिसकिएको छ ।

७) **सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा मैले जानेबुझेसम्म म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

**का. मु. प्रमुख कार्यकारी अधिकृत**